आज मिति २०८३ भाद्र ३१ गते बुधवारका दिन भागेश्वर गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री हेमराज चटौतज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | श्री हेमराज चटौत | [signature] |
| २ | गा.पा. उपाध्यक्ष | श्री पुष्पा ठकुराठी | [signature] |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री मणिकराज भट्ट | [signature] |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री उपेन्द्र बहादुर जोरा | [signature] |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री डम्वर राज जोशी | [signature] |
| ६ | वडा अध्यक्ष वडा नं.४ | श्री बसन्त राज चटौत | [signature] |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री नरेन्द्र बहादुर थापामगर | [signature] |
| ८ | कार्यपालिका सदस्य | श्री बसन्ती देवी थापा | |
| ९ | कार्यपालिका सदस्य | श्री राजु चुनारा | |
| १० | कार्यपालिका सदस्य | श्री राजेश्वरी भट्ट पाण्डेय | |
| ११ | कार्यपालिका सदस्य | श्री गंगी सार्की | [signature] |
| १२ | कार्यपालिका सदस्य | श्री रमेश राम लुहार | [signature] |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना सिकर्मी | [signature] |
| १४ | सदस्य सचिव | श्री जितेन्द्र प्रसाद ओझा | [signature] |

प्रस्तावहरु :

१. भोटोकोशी बाढि प्रभावितहरुको लागि सहयोग गर्ने सम्वन्धमा ।
२. सरुवा सहमती प्रदान गर्ने सम्वन्धमा ।
३. बार्षिक कार्ययोजना तथा खरिद योजना निर्माण गर्ने सम्वन्धमा ।
४. बिविध

**निर्णयहरु :**

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा भोटेकोशी बाढीबाट प्रभावित नागरिकहरूको जनधनको क्षति, विस्थापन तथा दैनिक जीवनमा परेको कठिनाइप्रति यस गाउँपालिका गहिरो दु:ख व्यक्त गर्दै विपद्को यस दु:खद् घडीमा पीडित तथा प्रभावित नागरिकहरूप्रति ऐक्यबद्धता प्रकट गर्दै प्राकृतिक विपद्बाट प्रभावित परिवारहरूको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउनु सबैको साझा मानवीय दायित्व भएको तथा स्थानीय सरकारको तर्फबाट समेत यथासक्य सहयोग र सहकार्य गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै भागेश्वर गाउँपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिहरूबाट क्रमश: अधिकृतस्तरका कर्मचारी तथा माध्यमिक तहका शिक्षकको ७ दिन बराबरको तलव रकम र सहायक स्तरका कर्मचारी तथा आवि र प्रावि तहका शिक्षकको हकमा ५ दिनको तलव र श्रेणी विहिन कर्मचारीको हकमा २ दिनको तलव र जनप्रतिनिधिको १० दिन बराबरको महिनाको पारिश्रमिक तथा सेवा-सुविधाबाट कट्टी गरी विपदमा परेका नागरिकहरूको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो। साथै चालु आव २०८३।०८४ का लागि कर्मचारी पुरस्कार तथा सम्मान र तिज विशेष कार्यक्रमको लागि बिनियोजित रकम पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो।

निर्णय नं २ प्रस्ताव नं २ माथि छलफल गर्दा भागेश्वर गाउँपालिकाको कार्यालयबाट सरुवा सहमतिको लागि प्रकाशित १५ दिने (पन्ध्र)सूचना बमोजिम यस गाउँपालिकामा सरुवा भई आउनका लागि तपसिलमा उल्लिखित कर्मचारीहरुले पेश गर्नुभएको निवेदन तथा संलग्न कागजातहरू उपर आवश्यक अध्ययन तथा छलफल गर्दा निजहरूलाई यस गाउँपालिकाको रिक्त दरवन्दीमा सरुवा भई आउनका लागि सहमति प्रदान गर्ने निर्णय गरियो।

तपसिल:

१. अजयमेरु गाउँपालिका डडेल्धुरामा अधिकृत छैठौं तहमा कार्यरत अधिकृत (प्रशासन) श्री लोकेश बोहरा
२. तुर्माखाँद गाउँपालिका अछाममा कार्यरत सि.अ.हे.व. श्री मदन राज वडु
३. सायल गाउँपालिका डोटीमा कार्यरत सव ईन्जिनियर श्री प्रतिक्षा पाण्डेय
४. मष्टा गाउँपालिका बझाङ अन्तर्गत रिलु स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. श्री यशोदा साउँद

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा भागेश्वर गाउँपालिकाको आ.ब. २०८३।०८४ को लागि तयार गरिएको वार्षिक कार्ययोजना तथा वार्षिक खरिद योजना उपर आवश्यक अध्ययन, समीक्षा तथा छलफल गर्दा गाउँपालिकाको स्वीकृत नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा नियमितता तथा विकास मार्गका कार्यहरूलाई व्यवस्थित, पारदर्शी र समयबद्ध रूपमा सञ्चालन गर्न उक्त योजनाहरू आवश्यक एवं उपयुक्त देखिएकाले वार्षिक कार्ययोजना तथा वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

विविध:

१. भागेश्वर गाउँपालिकाबाट सञ्चालनमा ल्याइने कृषि तथा पशुजन्य ढुवानी सेवालाई सरल, पहुँचयोग्य तथा व्यवस्थित रूपमा प्रवाह गर्न आवश्यक सेवा शुल्क निर्धारण गर्दा गाउँपालिकाको स्वास्थ्य एम्बुलेन्स सेवाका लागि स्वीकृत भाडा मापदण्डलाई आधार मानी ढुवानी सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्च, सेवा प्रदान गरिने दूरी र कृषकहरूको आर्थिक हितलाई समेत मध्यनजर गरी प्रचलित स्वास्थ्य एम्बुलेन्स सेवामा कायम रहेको मापदण्डअनुरूप सेवा शुल्क निर्धारण गरी लागू गर्ने निर्णय गरियो।
२. मुक्त हलिया पुन:स्थापना कार्यविधि २०८३ निर्माणको लागि सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो।
३. संविधान दिवस, २०८३ भागेश्वर गाउँपालिका तथा वडा कार्यालयमा विविध कार्यक्रम संचालन गरि भव्यताका साथ मनाउने निर्णय गरियो ।